**5. Annapurna Post daily (Nepali)**



# रोम विधान पारित गर्न माग

अन्नपूर्ण समाचारदाता

**काठमाडौं**, २५ जेठ : मानवअधिकारवादीहरूले दण्डहीनताको अन्त्यका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान १९९८ र यातनासम्बन्धी संयुक्त राष्ट्रसंघीय ऐच्छिक आलेख २००२ अनुमोदन गर्नुपर्नेमा जोड दिएका छन्।

मानवअधिकारवादी संघसंस्था र मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) को संयोजनमा शुक्रबार माइतीघर मण्डलामा आयोजित सार्वजनिक सभामा उक्त सन्धिको अनुमोदनका लागि १५ मिनेट धर्ना दिइएको थियो।

सभामा नागरिक आन्दोलनका डा. सुन्दरमणि दीक्षितले अपराधी समालेलाई प्रधानमन्त्रीले उल्टै अपराधी भनी लाञ्छना लगाएकोमा आश्चर्य व्यक्त गर्नुभयो। उहाँले रोम विधान र यातनासम्बन्धी कानुन पारित नगरिए सर्वसाधारणले जेलभित्रै सड्नुपर्ने अवस्था उत्पन्न हुने बताउनुभयो।

मानवअधिकारकर्मी कृष्ण पहाडीले अन्तर्राष्ट्रिय आशंका मेटाउन नेपालले उक्त विधान पारित गर्नुपर्ने बताउनुभयो। अपांगका तर्फबाट कृष्ण गौतमले कसैले पनि मानवताविरुद्धका युद्धअपराध नगरोस् भन्नका लागि विधान पारित गर्न आवश्यक रहेको बताउनुभयो। कानुनी सहयोग तथा परामर्श केन्द्रकी अध्यक्ष शान्ता थपलियाले राज्यले उक्त विधान अनुमोदन नगरेसम्म अधिकार स्थापित हुन नसक्ने दाबी गर्नुभयो।

अधिकारकर्मी सुशील प्याकुरेलले सरकारमा रहेका नेताहरूले पुरानै मानसिकता पालेकाले विधान पारित हुन नसकेको बताउनुभयो। नेपाल बार एसोसिएसनका महासचिव रमणकुमार श्रेष्ठले दण्डहीनताको अवस्थाका कारण राजनीतिले स्थिरता प्राप्त गर्न नसकेको बताउनुभयो।

Annapurna Post Daily 2064 Jestha 26
2007 june 09